स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आँचल शर्मा अभिनित "एक मुट्ठी बादल" १ जेठमा आउने भएको छ। निर्माण कम्पनी गौंथली इन्टरटेनमेन्टले अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर मे १५ अर्थात् जेठ १ गतेलाई फिल्मको प्रदर्शन मिति तय गरेको हो। लगभग सम्पूर्ण विधामा महिलाको नेतृत्व रहेको फिल्मलाई गौंथली इन्टरटेनमेन्ट र मन प्रडक्सन मिलेर निर्माण गरेका हुन्। फिल्मलाई नेपालमा आरआर फिल्म्सले वितरण गर्नेछ।

**आजको विचार...**



यो जनादेश... (दुई पेजमा)

डा. गणेशप्रसाद घिमिरे

गतिशिल लोकतान्त्रिक पार्टीको उम्मेदवारको रुपमा प्रतिनिधिसभाको चुनाव लडेकी अभिनेत्री निशा अधिकारी फिल्मको छायांकनमा फर्किएकी छन् । छायांकन सेटको तस्वीर सामाजिक सञ्जालमा सेयर गर्दै निशाले शनिबारदेखि आफू फिल्म "कस्तुरी" को छायांकनमा ब्यस्त हुने बताएकी छन् । फोटोमा उनीसँगै निखिल उप्रेती पनि देखिएका छन् । यो फिल्मका निर्माता चुनाव सकिएपछि निशा सेटमा आउने प्रतीक्षामा थिए ।



❐ वर्ष ३१ ❐ अंक २२० ❐ २०८१ फागुन २५ गते सोमबार 9 March 2025, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# पालपाका युवा महाकाली– मेची साइकल यात्रामा

## शान्ति र एकताको सन्देश फैलाउँदै

**रामचन्द्र रायमाझी/रासस**
**तानसेन (पाल्पा),** २४ फागुन / पाल्पा साइक्लिङ संघमा आवद्ध जिल्लाका तीन जना युवाले महाकाली-मेची साइकल यात्रा गर्न लागेका छन् । शान्तिको सन्देश विश्वभर फैलाउन भन्दै उनीहरुले आजदेखि ११ दिनसम्म महाकाली- मेची साइकल यात्रा गर्न लागेका हुन् ।

यहाँका २५ वर्षीय शान्तम थैबा, ३७ वर्षीय विज्ञान बज्राचार्य र २४ वर्षीय सुविनमान बज्राचार्यले साइकल यात्रा गर्न लागेका हुन् । नेपालको पश्चिमी सिमाना महाकालीबाट साइकल यात्रा सुरु हुने छ । साइकल यात्रामा निस्किएका युवाहरुलाई आइतबार पाल्पा साइक्लिङ सङ्घले एक औपचारिक कार्यक्रमकाबिच विदाइ गरेको थियो । महाकाली नदीदेखि सुरु हुने साइकल यात्रा मेची नदी पुगेर सम्पन्न हुने



संघका उपाध्यक्ष अमन शाक्यले बताए । उनका अनुसार "साइकल चलाऔं नेपालभरी, शान्तिको सन्देश संसारभरी" भन्ने मूल नाराका साथ साइकल यात्रा हुन लागेको हो । नेपालभर शान्ति, एकता, स्वास्थ्य सचेतना, वातावरण संरक्षण तथा साइकल संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले यो यात्रा हुन लागेको उपाध्यक्ष शाक्यले बताए । "गौतम बुद्ध जन्मेको देशमा बेला(बेलामा अशान्त हुने गर्दछ, हामी एकताको सन्देश फैलाउन चाहन्छौं,अर्कोतर्फ अस्तव्यस्त जीवन शैलीका कारण मानिस अस्वस्थ बन्दै गएको छ, यसले स्वस्थ रहने सन्देश समेत प्रवाह गर्ने छ" शाक्यले भने "त्यसैले शान्ति र स्वास्थ्यका लागि सबैको ध्यानाकर्षण गराउन साइकल यात्रा गर्न लागेका हौं ।" ११ दिनसम्म हुने साइकल यात्रामा ११०० किलोमिटर दूरी तय हुने छ । टोलीलाई विदाइ गर्ने क्रममा संघका अध्यक्ष रुपेश महर्जनले शान्ति र एकताको सन्देश विश्वभर फैलाउन साइकल यात्राले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । संघले हरेक वर्ष पाल्पामा 'हेरिटेज राइड' समेत आयोजना गर्दै आएको छ । उसले जिल्लामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने गरी 'सम्पदा साइकल राइड'आयोजना गर्दै आएको छ ।

जिल्लाका ऐतिहासिक धार्मिक, पर्यटकीय स्थलहरु पाल्पा दरबार संग्रहालय, भैरवस्थान मन्दिर, अर्गेली दरबार, रुरु ऋषिकेश मन्दिर, रिडी,रानीमहल, देवदत्तपार्क, लिस्ने भिर लगायतका धार्मिक तथा ऐतिहासिक क्षेत्रको प्रचार प्रसारमा यस्तो कार्यक्रमले महत्वपूर्ण टेवा पुऱ्याउँदै आएको छ । साइकल यात्रामार्फत संघले प्रचार-प्रसारको अभावमा रहेका पर्यटकीय स्थलहरुको प्रत्यक्ष अवलोकन गराई तिनीहरुको प्रचार गर्दै आएको छ । संघले शान्ति र एकताको सन्देश दिनुको साथै ओझेलमा परेका ऐतिहासिक धार्मीक तथा पर्यटकीय स्थलहरको प्रचार प्रसारमा महत्वपूर्ण भूमिका खेल्दै आएको तानसेन नगरपालिका -६ का वडा अध्यक्ष सागरमान महर्जनले बताए । उनले भने "साइकल यात्राले साहासिक खेलको विकास मात्र गर्दैन यसले यहाँको पर्यकीय स्थलहरुलाई राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा चिनाउन समेत ठूलो मद्दत पुग्ने गरेको मैले विश्वास लिएको छु ।"

## सक्षिप्त समाचार

### ड्रोन आक्रमणमा ३३ जनाको मृत्यु

**(रासस/एएफपी)**

खार्तुम, फागुन २४/दक्षिणपश्चिम सुडानको अर्धसैनिक नियन्त्रणमा रहेको दुई बजारमा ड्रोन आक्रमण हुँदा कम्तीमा ३३ जनाको मृत्यु भएको छ भने दर्जनौं घाइते भएका छन् । यो आक्रमण पश्चिम कोर्डोफान राज्यको अबु जाबाद र वाड बाण्डा बजारमा भएको हो, जुन तीन वर्षदेखि चलिरहेको सुडानी सेना र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) बीचको संघर्षको सबैभन्दा हिंसक क्षेत्रमा पर्दछ ।अबु जाबाद अस्पतालका एक चिकित्सकले शनिबार बजारमा दुईवटा ड्रोन प्रहार भएको र ५९ जना घाइते भएको जानकारी दिए । उनका अनुसार तीमध्ये ३० जना घाइतेको तत्काल उपचार भइरहेको छ । सहरका बासिन्दा हमाद अब्दुल्लाले घटनामा उनका चार आफन्त पनि मारिएका बताए, जो बजारमा काम गर्दै थिए । सैन्य स्रोतहरूले आक्रमणमा सर्वसाधारणलाई लक्षित गरिएको आरोपलाई अस्वीकार गर्दै भने, "हामी केवल विद्रोही र उनीहरूको हतियार डिपोहरूलाई मात्र निशाना बनाउँछौं । कुनै पनि आधार नभएको आरोप फैलाइएको छ ।" अप्रिल २०२३ देखि सुरु भएको युद्धमा दुवै पक्षमाथि नागरिक क्षेत्रहरूमा गोलाबारी गर्ने र युद्ध अपराध गर्ने आरोप लगाइएको छ ।

## पाल्पा–२ मा रास्वपाका थापा विजयी



**पाल्पा,** फागुन २४/ पाल्पा क्षेत्र नम्वर २ मा २६ हजार ७ सय ३६ मतसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का डा. माधवबहादुर थापा विजयी भएका छन् । उनले निकटतम प्रतिद्वन्द्वी नेपाली काँग्रेसका हिमालदत्त श्रेष्ठलाई १३ हजार ७ सय ४४ मतान्तरले पराजित गर्दै विजयी हात पारेका हुन् ।

फागुन २१ सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको शनिबार आएको अन्तिम मत परिणाम अनुसार श्रेष्ठले १२ हजार ९ सय ९२ मत प्राप्त गरेका छन् । त्यस्तै, नेकपा (एमाले)का ठाकुरप्रसाद गैरेले १० हजार ५ सय ३, नेपाली कम्युनिस्ट पार्टीका सोमप्रसाद पाण्डेयले ५ हजार २ सय ८८ र नेशनल रिपब्लिक नेपालका देवप्रसाद श्रेष्ठले ६ सय ९३ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालयका प्रवक्ता सहायक निर्वाचन अधिकृत केवश पराजुलीले जानकारी दिए । यहाँ यस अघिको निर्वाचनमा एमालेका ठाकुर गैरे विजयी भएका थिए ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु

**काठमाडौं, फागुन २४** / देशका विभिन्न भागमा शनिबार र आइतबार भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा १० जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौंको तारकेश्वर नगरपालिका-४, रौतहटको परोहा नगरपालिका-८, रौतहटको चन्द्रपुर नगरपालिका-१, धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ चिसापानी बजार र लमजुङको सुन्दरबजार नगरपालिका-७ कुमालटारमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी एक/एक जनाको मृत्यु भएको हो । त्यस्तै सर्लाहीको हरिवन नगरपालिका-२ पाकरगाछीमा भएको दुर्घटनामा एक जनाको मृत्यु भएको




छ । चितवनको कालिका नगरपालिका-९ दब्यटारस्थित सडकमा उर्पदानगढीबाट शक्तिखोरतर्फ आँउदै गरेको अटो अनियन्त्रित भई दुर्घटना हुँदा अटोचालक राप्ती नगरपालिका-९ का पूर्ण विकसहित चार जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।*-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## निर्वाचन परिणामले दिने सन्देश

अनेकौं शंकाहकाहरुका बिच प्रतिनिधिसभाको निर्वाचन भएको छ । निर्वाचनको परिणाम आउने क्रमम जारी छ । यो निर्वाचन पूर्णरूपमा सफल भएको मान्नुपर्छ । यसपटकको निर्वाचन फरक परिस्थितिमा भएको हो । नयाँ छान्ने र परिवर्तन खोज्ने अनि प्रणाली बसाल्ने युवा आवाजको चर्को दबाबका बीच चुनाव भएको हो । २०८२ सालको भदौ २३ र २४ गते जुन अकल्पनीय हिंसा र वितण्डाको जगबाट नै यो निर्वाचनको प्रारम्भ भएको थियो ।

निर्वाचनमा राष्ट्रिूय स्वतन्त्र पार्टी (रास्वपा) प्रति बलियो जनादेश प्रकट भएको छ । मतगणनाको अन्तिम परिमाण आउन अझै केही दिन लाग्ने भए पनि प्रत्यक्ष र समानुपातिक दुवैतर्फ रास्वपालाई बलियो जनादेश छ । यो निर्वाचन नियमित आवधिक निर्वाचन थिएन । गएको भदौ २३ र २४ गते भएको नवपुस्ता अर्थात् जेनजी विद्रोहको मर्म र भावनालाई संस्थागत गर्ने निर्वाचनमा जनादेश पनि सोही अनुरूप हासिल भएको छ । नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी ( एमाले),तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीबाट रूपान्तरित नेपाली कम्युनिस्ट पार्टीले विगतमा पटक पटक सरकारको नेतृत्व गरे । नेपाली जनताको अवस्थामा भने खास सुधार हुन सकेन । बढ्दो भ्रष्टाचार, शिथिल अर्थतन्त्र, रोजगारीको अभावले जनअसन्तुष्टि बढ्दै गयो । जसको परिणाम अहिलेको अवस्था आएको हो ।

अहिलेको अवस्थामा निर्वाचन सम्पन्न हुनसक्ला वा नसक्ला ? भयो भने पनि धेरैतिर हिंसामा लपेटिनुपर्ने अवस्था आउँछ भन्ने अनुमान सबैको थियो । त्यतिमात्र होइन नेपालको इतिहासमै पहिलोपटक महिला प्रधानमन्त्री र अर्कोतिर त्यो पनि कठिन मोडमा निर्वाचन गर्नुपर्ने जिम्मेवारीमा बस्नुभएको सुशीला कार्कीप्रति धेरैको भरोसा थिएन तर उहाँ प्रधानन्यायाधीश भइसकेकी र त्यसबेला पनि अनेक अप्ठेरा परिस्थितिहरूलाई डटेर सामना गरेकी महिला भएका कारणले यसपटकको निर्वाचनमा उनीलगायत उनले नेतृत्व गरेको सरकारले यो जिम्मेवारी कुशलतापूर्वक पूरा गऱ्यो । पूर्ववर्ती सरकारले गराएका पहिलेका निर्वाचनहरू जस्तो अशान्त वा हिंसात्मक भएन । प्रचारप्रचार पनि अत्यन्त व्यवस्थित र कुशलतापूवक भयो । दलहरूका बीचमा कुनै वैरभाव देखिएन । केही फाट्टफुट्ट यस्ता घटना भए, ती सामान्य हुन् किनभने पहिले पहिलेका निर्वाचनमा अनेक अप्रिय घटना हुन्थे । शान्त र एकप्रकारले निष्पक्ष निर्वाचनको परिणामलाई सबैले स्वीकार्नै पर्छ । त्यो निर्वाचनको सिद्धान्तै हो । अहिले देखिएको परिणामले जनताले परिवर्तन चाहेको पुष्टि भएको छ । परिणाम जसको पक्षमा आए पनि जित नेपाली जनताको भएको छ । जनताले सुझबुझका साथ मतदान गरेका छन् । निर्वाचनका माध्यमबाट आएको परिणामलाई सबैले आत्मसात गर्दै अगाडि बढेर सुनौलो नेपाल बनाउनुपर्ने दायित्वबाट कोही पनि विमुख हुनुहुँदैन ।

### Opinion @ Social Network

आफ्ना हुँदा पनि आफूलाई एक्लो पाएपछि महसुस भयो मेरो स्थान जरुरीमा होइन जरुरतमा मात्र रहेछ ।

*(शान्ता ढकालको फेसबुक स्टाटसबाट www.facebook.com/shanta.dhakal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यो जनादेश सत्ताको स्वाद होइन, परिवर्तन हो



**डा. गणेशप्रसाद घिमिरे**

*प्रतिशोध साध्ने प्रकृतिका कुनै पनि काम सरकारबाट हुने छैनन् भन्ने तथ्यलाई नेपाली जनताबाट महसुस नभएसम्म यो सरकारको आयु यति नै हो भन्नसक्ने आधार भने छैन । सरकारले नेपाली जनतमा बढेको निरासालाई चिरेर आशा जगाउनु अनिवार्य देखिन्छ । आशा र भरोसा पार्टीप्रति छ भन्ने तथ्य मतदाताले दिएका छन् ।*

नेपाली युवा जागेपछिको निर्वाचन परिणामले नेपालका राजनीतिक दल र तिनका समर्थकलाई झस्कायो । भदौ २३ र २४ को विद्रोहपछि गठन भएको सरकारको जिम्मेवारी थियो यो निर्वाचन । यो जिम्मेवारी पूरा हुने वा नहुनेमा केही शंका उपस्थित भएका थिए । सर्वोच्च न्यायालयमा बसेर आफ्नो जिम्मेवारी पूरा गरेकी तत्कालीन न्यायाधीश सुशीला कार्कीको मन्त्रिपरिषद्ले अब वैधानिक तरिकाबाट चुनिएका प्रतिनिधिलाई सत्ताको बागडोर दिनेछ र आफ्नो जिम्मेवारीबाट मुक्त हुनेछ वर्तमान सरकार । सर्वप्रथम छोटो समयमा देशलाई निकास दिएकोमा वर्तमान प्रधानमन्त्री सुशीला कार्कीलाई हार्दिक बधाई । न्यायालयमा बसेको कुनै पनि व्यक्ति वैधरूपमा आएको संस्थालाई नै जिम्मेवारी दिनेमा विश्वास गर्दछ ।

यो जिम्मेवारी पूरा गर्ने वर्तमान प्रधानमन्त्रीले आफूलाई सहजरूपमा अवतरण गराएकोमा समेत सबै नेपालीद्वारा धन्यवाद दिनु आवश्यक छ । नेपालको राजनीतिमा देखिएको ग्रहण अन्त्य भएको छ । नेपाली जनताले पूर्ण बहुमत साथ एउटा पार्टीलाई सत्ता सुम्पेका छन् । गठबन्धन र गठबन्धनका कारण सत्ता जोगाउने अवस्थाको चित्र अब नेपालको राजनीतिमा सम्भवत: पाँच वर्ष देखिनेछैन । न देखियोस् पनि । यही चाहनाले आज नेपाली जनताले २०८२ को निर्वाचनमा आफूलाई उतारेको देखियो । यो जनादेश पार्टी वा व्यक्तिको होइन । यो जनादेश त नेपालको सुधार विकासका लागि हो भन्ने तथ्यलाई नेपालीले प्रमाणित गरिदिएका छन् ।

**पार्टी होइन मत परिवर्तन**

नेपालको राजनीतिमा यो सबैभन्दा बढी मत परिवर्तन भएको निर्वाचन बन्यो २०८२ को निर्वाचन । मत परिवर्तनमात्र भयो । मतदाताले पार्टी परिवर्तन गरेका होइनन् । पार्टी परिवर्तन गर्ने लहर चलेको भए पनि उक्त परिवर्तन देखावटीमात्र बन्यो तर नेपाली जनताले गरेको मत परिवर्तनलाई नेपालका पुराना राजनीतिक दलले सहजरूपमा स्वीकार्नु अनिवार्य छ । यो असहज परिवर्तन होइन । यो परिवर्तन सहज थियो । नेपालका विवेकशील मतदाताले अपनाएको बाटो थियो । पुराना पार्टी तिनका नेताहरूले गरेका कामप्रतिको मौ विद्रोह थियो । यो विद्रोह यति शक्तिशाली बन्यो कि नेपालका राजनीतिक विश्लेषकसमेत चकित बने । नेपालको राजनीतिमा देखिएको यो अवस्थाको चित्रणलाई कसैले पनि आंकलन गर्ने अवस्था भने थिएन । नेपाली जनताले आफूले समर्थन गरेको पार्टी परित्याग गरेका पनि होइनन् । उनीहरूले त मत आफ्नो माऊ र समर्थन गर्ने पार्टीलाई नदिएर नयाँ शक्तिलाई दिएका मात्र हुन् । नेपालको भविष्य र नेपालको विकासका लागि यो जनादेश थियो । यो जनादेशसित कुनै राजनीतिक दल, तिनका समर्थक, तिनलाई भजाएर खाने कुनै पनि व्यक्ति आत्तिनुपर्ने अवस्था भने छैन । नेपालको यो अवस्था किन आयो, नेपाली मतदाता किन आफ्नै पार्टी र संगठनप्रति यति निष्ठुरी भए भन्ने सन्दर्भलाई खोज्नु नै आजको आवश्यकता हो ।

नेपालको राजनीतिमा सदा जरागाडेर बसेका राजनीतिक दल र तिनका समर्थकको जरो उखेलियो । राजनीतिमा देखिएको यो आश्चर्य कुनै जादू थिएन । राजनीतिक दलले गरेको कर्मका फल थियो । मत आफैंमा परिवर्तन भएका पनि होइनन् । मतदाता सचेत छ भन्ने तथ्यलाई यो निर्वाचनले प्रमाणित गरिदिएको हो । जनता आफैंमा सार्वभौमसत्ता सम्पन्न हुन् निर्वाचनको समयमा भन्ने कुरालाई पनि प्रमाणित गरिदिएका छन् । पार्टीले पाएको मतलाई लिएर गरिएका विभिन्न तर्क र ती तर्कमा देखापरेका सत्य-सत्य हुन् वा होइनन् त्यो समयले नै बताउनेछ । विदेशी शक्तिको चलखेल जस्ता तथ्य सत्य हुन् वा होइनन् त्यो पछि खुल्दै जानेछ । नेपाली जनता पक्कै पनि विदेशी दलाल भने होइनन् । सबै मतदाता विदेशी पनि होइनन् । सामान्य मतदाताले जाहेर गरेको मतमा विदेशी हस्तक्षेप देख्नु पनि उपयुक्त हुने छैन तर मतदाताले दिएको मतलाई सामान्य रूपमा लिने भुल नेपालका राजनीतिक दलले कहिले पनि नगरून् । जनताले आफ्नो अभिव्यक्ति बाहिर ल्याइसके । जनताले नेपालको राजनीतिमा स्थिरता खोजे । नेपालको राजनीतिमा विकास खोजे । राजनीतिमा नातावाद, कृपावाद र आफन्तवादको अन्त्य खोजे । पैसाबाट मात्र राजनीतिको रोटी सेक्न सकिन्छ भन्ने तथ्यको अन्त्य गरिदिए । विनोद चौधरी जो देशको सबैभन्दा शक्तिशाली उद्योगपति रहेका उनले समेत निर्वाचनमा नराम्रो पराजय भोगे । यही हो राजनीतिमा देशापरेको पहिचान र त्यसले निम्तो गरेको आधार पनि । केही नलिई जनतामा पुगे महावीर पुन । म मेरा कुरा राख्छु मन परे मत दिनुहोस् नपरे नदिनुहोस् भने । निर्वाचन जितेर आए । नेपालको राजनीतिमा यति मौन विद्रोह सम्भवत: पहिलो थियो । नेपालको विद्रोहले निम्तो गरेको यो अवस्थामा निर्वाचन सम्पन्न भएको छ । होइन र यो निर्वाचनमा पुराना दलले गरेका कामको फेरिहस्त थिएन । अब आएर नेपाली कांग्रेसका गगन थापा, नेकपा एमालेका अध्यक्ष खड्गप्रसाद ओली र नेकपाका अध्यक्ष पुष्पकमल दहाललाई दोष दिनु उपयुक्त पनि होइन । अन्तर्घात भयो । आफ्नै पार्टीका विरोधीले हराए । यस्ता तर्कमा अब कुनै किसिमको दम छैन । शेरबहादुर देउवा वा पूर्णबहादुर खड्काले सहयोग गरेको भए वा नेकपा एमालेसित गठबन्धन गरेको भए भन्ने तर्कले अबको राजनीतिमा कुनै मान्यता राख्दैनन् । जनता परिवर्तनको पक्षमा थिए । पार्टीका कार्यकर्ता क्रियाशील सदस्य, संगठित सदस्यसमेत परिवर्तनको पक्षमा थिए । यो परिवर्तनको लहर थियो । यो परिवर्तन दल परिवर्तन थिएन मतमात्र परिवर्तन थियो । मत परिवर्तनलाई स्वीकार गरेर अब आउने निर्वाचनमा आफूलाई सही सावित गर्ने प्रयासमा लाग । कसैलाई कारबाही र पार्टीबाट निष्काशन गर्ने तर्कमा न लाग्न पुराना राजनीतिक दललाई मेरो सुझाव हो ।

**मात नलागोस्**

सत्ताको मात यति भयावह हुन्छ त्यो कुरा यही निर्वाचनले देखायो । सत्ता आफैंमा देश विकासको आधार हो । यो आधार २०८२ को निर्वाचनले देखायो । यो आलेख तयार पारुन्जेल निर्वाचनको सबै परिणाम बाहिर आएको छैन । सम्भवत: सके दुईतिहाइ र वा सोको नजिक राष्ट्रिय स्वतन्त्र पार्टी पुगिसकेको छ । नेपालीको चाहना दुईतिहाइको नै देखियो । उक्त पार्टीको लहर चलेको छ नेपालको राजनीतिमा । काठमाडौं महानगरपालिकाका तत्कालीन महानगरप्रमुख बालेन साह प्रधानमन्त्री हुने निश्चित देखिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीमा पनि नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टीलगायत अन्य पार्टीबाट खान नपाएका व्यक्तिहरू पनि छन् र तिनले निर्वाचनमा जित हासिल गरेका पनि छन् । तर, सत्ताको भोकमा रमाएका ती र तिनीजस्तालाई गतिशील बनाइयो भने आगामी निर्वाचनमा यस पार्टीको हालत पनि पुराना पार्टीको जस्तो नहोला भन्न सकिने आधार छैन । सोचेभन्दा राम्रो परिणाम ल्याउन सफल उक्त पार्टीलाई सत्ताको मात नलागोस् पहिले यही शुभकामना । नेपाल संघीय राज्यमा गएको छ । यो सानो मुलुकलाई संघीय शासन व्यवस्था आवश्यक छैन । स्थानीय तहलाई शक्तिशाली बनाएर केन्द्रीय शासकीय व्यस्थालाई राम्रोसित सञ्चालन गर्नु सरकारको पहिलो दायित्व बनोस् । भ्रष्टाचारका नाममा पुराना पार्टीका नेतालाई जथाभावी दु:ख दिने कार्यमा वर्तमान आउने सरकार नलागोस् पनि । आफूले आफ्ना पार्टीका मन्त्री र नियुक्त हुने व्यक्तिलाई भ्रष्टाचार गर्न नदिनु सबैभन्दा उपयुक्त हुने देखिन्छ । प्रतिशोध साध्ने प्रकृतिका कुनै पनि काम सरकारबाट हुने छैनन् भन्ने तथ्यलाई नेपाली जनताबाट महसुस नभएसम्म यो सरकारको आयु यति नै हो भन्नसक्ने आधार भने छैन । सरकारले नेपाली जनतमा बढेको निरासालाई चिरेर आशा जगाउनु अनिवार्य देखिन्छ । आशा र भरोसा पार्टीप्रति छ भन्ने तथ्य मतदाताले दिएका छन् । उनीहरूले दिएको बाटोमा कहिले पनि विचलन नआओस् । यही कामना सबै नेपालीको हो । नेपालको सार्वभौमसत्ता र राष्ट्रियतासित खेलवाड गर्ने अधिकार कसैलाई छैन । हामी सर्वेसर्वा हौं । हामीलाई जनताले दिएको मतले हामी जे पनि गर्न सक्छौं भन्ने भावनाको विकास आजको आवश्यकता होइन । युवा अध्ययन र कामका लागि विदेशी भूमिमा जान नपरोस् । नेपालका विश्वविद्यालय राजनीतिबाट मुक्त हुन सकून् । निष्पक्ष तरिकाबाट देशको प्रशासन संयन्त्र अघि बढोस् । हिमाल, पहाड र तराईमा विभाजन भएको नेपालको पहिचान सुरक्षित रहोस् । विदेशीसितको कूटनीति सहज तरिकाले अघि बढोस् । आफ्ना र आफूलाई सहयोग गर्ने व्यक्तिलाई आधार नबनाइयोस् । नेपाली जनताले सुशासन चाहेका हुन् । सुशासनसित गाँसिएर आउने विकास र पूर्वाधार नेपाली जनताको चाह पनि हो । पाँच वर्ष थोरै समय होइन । अरूले केही गरेनन् । हामीले किन गर्ने भन्ने भाव र घमण्डले पार्टीका नेतामा अहंकारको जन्म नहोस् ।सभ्य र शालीन तरिकाले आफ्नो पहिचानलाई सुरक्षित राख्नसक्ने अवसर नेपाली जनताले अवश्य दिएका हुन् । सत्ताको मात डरलाग्दो र घातक हुन्छ भन्ने तथ्यलाई उक्त पार्टीका अध्यक्ष रवि लामिछानेले भोगेका छन् । आफू कमजोर भएर पनि सत्तामा पुगेर सबै ठीक गर्छु भन्ने नियतले सत्तामा पुगेका उनलाई सत्ताको स्वाद लागेको पनि हो तर केही कारणबस उनी सहकारीको पैसा अपचलनमा फसे । उनी अझ दोषी नै छन् । बहुमत वा दुईतिहाइको ध्वाँसमा संविधान र कानुनमाथि खेलबाड गर्ने अधिकार कसैलाई छैन । संविधानका माध्यमबाट कानुनीराज्यको स्थापना नै पहिलो सर्त मानेर आउँदो सरकार गतिशील बनोस् ।आफ्ना र आफन्तलाई पोस्ने अवस्था आयो भने पुन:पार्टी होइन मत परिवर्तन हुने नै छ । निर्वाचनबाट आएको सरकारलाई दुईदिनमा अपदस्थ गर्ने जमात नेपालमा नै छ भन्ने तथ्यको हेक्का रहोस् । देशका हरेक क्षेत्र विकासले भरिपूर्ण होऊन् । काम गर्नेले काम पाओस् । नेपालको विकास पहिलो आधार आउँदो सरकारको बनोस् भन्ने शुभकामना र सत्तामात नलागोस् भन्ने कामना पनि ।*( इहिमालय टाइम्स)*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : व्यापार व्यवसायमा लाभ रहनेछ। नयाँ कार्यको थालनी हुनेछ।
**वृष** : भ्रमणको योग छ । शत्रुपक्षबाट सावधान रहनुहोला।
**मिथुन** : मनोबल उच्च रहनेछ। आर्थिक पक्ष सबल रहनेछ।
**कर्कट** : इष्टमित्रहरूको सहयोग मिल्नेछ । आर्थिक पक्ष सबल रहनेछ।
**सिंह** : कार्यक्षेत्रमा आत्मबल बढ्नेछ । कानुनी मामलाहरूमा सफलता मिल्नेछ।
**कन्या** :वैदेशिक रोजगारमा सफलता मिल्नेछ।बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।
**तुला** : समाजमा तपाईंको कार्यको चर्चा हुनेछ। आय आर्जन राम्रो रहनेछ।
**वृश्चिक** : उद्योग व्यापारमा लाभ रहनेछ। श्रमको उचित मूल्यांकन मिल्नेछ ।
**धनु** : सञ्चित धनमा वृद्धि हुने छ । कार्यक्षेत्रमा शत्रुहरू परास्त हुनेछन्।
**मकर** : कार्यक्षेत्रमा इच्छाको पूर्ति हुनेछ । नयाँ नोकरीमा सफलता मिल्नेछ।
**कुम्भ** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ । आफ्नो खानपानमा ध्यान दिनुपर्ने हुन्छ ।
**मीन** : कार्यक्षेत्रमा सहयोग मिल्ने छ । शेयर मार्केटबाट लाभ प्राप्तिको योग छ ।

# शिक्षा

# मलेसियामा नेपाली विद्यार्थीको उत्कृष्ट नतिजा



मलेसियाको क्वालालम्पुरमा 'ग्लोबल एबाकस एन्ड वेदिक म्याथ्स २०२६' सम्पन्न भएको छ। फेब्रुअरी २६ मा आयोजित अन्तर्राष्ट्रिय च्याम्पियनसिपमा नेपाल, भारत, मलेसिया लगायतका देशका प्रतिभाशाली विद्यार्थीहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रम साउथ एसियन डेभलपमेन्ट बैंक लिमिटेड (बेलायत), रे फाउन्डेसन (भारत), प्यासिफिक अलायन्स ग्रुप (मलेसिया), बाल विकास एनसीएमएएस प्रालि ( नेपाल), रेज एबाकस (भारत) र गुरुश्री एबाकस एन्ड वेदिक म्याथ्स (भारत) को संयुक्त आयोजनामा भएको हो। कार्यक्रमलाई 'भ्वाइस अफ एसिया इन्टरनेसनल न्युज'ले मिडिया सपोर्ट गरेको थियो।

साउथ एसियन डेभलपमेन्ट बैंक (एसएडीबी) का अध्यक्ष डा. जरिफ मेननको सभापतित्वमा सम्पन्न कार्यक्रममा मलेसिया बिजनेस चेम्बर भियतनामका पूर्व अध्यक्ष दातुक डा. एम. सिमी प्रमुख अतिथिका रूपमा उपस्थित थिए। त्यस्तै, भ्वाइस एसिया न्युजका प्रधान सम्पादक कौशल कुमार, एएमएसका प्रबन्ध निर्देशक अज्जा रहमान, पीएआईसीका प्रबन्ध निर्देशक लेस्ली चार्ल्स अल्बुकर्क, बाल विकास एनसीएमएएस प्रालि नेपालका संस्थापक तथा सीईओ तेजु नेपाल, सनसाइन एजुकेसनल ग्रुप मलेसियाका संस्थापक डा. आर.भी. श्याम प्रसाद लगायतका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो।कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष डा. जरिफ मेननले जटिल गणितीय समस्याहरू समाधान गर्न विद्यार्थीहरूले देखाएको गति, एकाग्रता र शुद्धताको खुलेर प्रशंसा गरे। क्याल्कुलेटर र डिजिटल उपकरणलाई समेत उछिन्न सक्ने विद्यार्थीहरूको क्षमताले आफूलाई प्रभावित पारेको उनले बताए। औपचारिक भाषण सुन्नुभन्दा मानसिक गणित समाधान गर्न विद्यार्थीहरूले देखाएको उत्साहले उनीहरूको लगनशीलता र अनुशासनलाई झल्काएको उनको भनाइ थियो। एबाकस शिक्षाले गणितीय क्षमता र एकाग्रता दुवै बढाउने बताउँदै डा. मेननले आगामी दिनमा थप देशहरूलाई समेटेर यस्ता कार्यक्रम आयोजना गर्ने जानकारी दिए।अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त एबाकस र वैदिक गणित विधिहरूमार्फत विद्यार्थीहरूको गति, एकाग्रता र विश्लेषणात्मक क्षमताको मूल्याङ्कन गर्न विभिन्न विधा र तहमा प्रतिस्पर्धा गराइएको थियो। जसमा नेपाली विद्यार्थीहरूले उत्कृष्ट प्रदर्शन गर्दै विभिन्न विधामा प्रथम स्थान हासिल गरेका छन्। प्रतियोगिताको जेड-१ लेभलमा नेपालको केजीएस स्कुलका वाचस्पति ढकालले प्रथम स्थान हासिल गरे भने जेड-२ए लेभलमा हिमश्रृंखला एकेडेमीका कृष्ण तामाङ प्रथम भए। यसैगरी, जेड-२बी लेभलमा हिमश्रृंखला एकेडेमीकै रचना तामाङ, एक्स-१ लेभलमा संस्कार शिक्षालयका पृथक राई र एक्स-२ लेभलमा बाल बाटिका पाठशालाका कृषिव गिरीले प्रथम स्थान ओगट्न सफल भए।त्यस्तै, एक्स-३ए लेभलमा नोबेल स्कुलका अविन आलेमगर, एक्स-३बी लेभलमा पाथीभरा एकेडेमीका यसिमन लामा, वाई-१ लेभलमा काठमाडौं प्रज्ञा कुञ्ज स्कुलका अवन महर्जन र वाई-२ लेभलमा सभ्यता पाठशालाका सनिप अधिकारीले आ-आफ्नो विधामा पहिलो स्थान सुरक्षित गरे ।

उता, भारतीय विद्यार्थीहरूले पनि उत्कृष्ट नतिजा ल्याएका छन्। भारतको गुरुश्री एजुकेसन एकेडेमीका स्वरन्जिल सन्तोष जाधव वाई-३ लेभलमा प्रथम भए भने वैदिक म्याथ्स च्याम्पियनसिप विधामा भारतकै गुरुश्री एबाकस एन्ड वैदिक म्याथ्सकी विभिका हिरानीले प्रथम स्थान हासिल गरिन् यस च्याम्पियनसिपको सफल समापनले अन्तर्राष्टिड्य शैक्षिक सहकार्यलाई थप बलियो बनाएको आयोजकको भनाइ छ ।-*रातोपाटी*

# जेठाभन्दा कान्छा सन्तान मोबाइल र टिभीमा बढी व्यस्त, पढाइमा कम ध्यान



**काठमाडौं,** अस्ट्रेलियामा गरिएको एउटा नयाँ अनुसन्धानले ठूला दाजुभाइ र दिदीबहिनीको तुलनामा उनीहरूका साना भाइबहिनीले स्क्रिन (मोबाइल, टिभी वा ट्याबलेट) मा बढी समय बिताउने र पढाइ लेखाइ जस्ता शैक्षिक गतिविधिमा कम ध्यान दिने देखाएको छ।

'मोनास बिजनेस स्कूलको सेन्टर फर हेल्थ इकोनोमिक्स' ले गरेको यो अध्ययन अनुसार, पहिलो सन्तानको तुलनामा दोस्रो र तेस्रो सन्तानले प्रतिदिन क्रमश: ९ देखि १४ मिनेट बढी समय स्क्रिनमा खर्च गर्छन्। अनुसन्धानकर्ता दानुष जयवर्धनका अनुसार यो समय थोरै देखिए पनि पहिलो बच्चाको औसत स्क्रिन समयको तुलनामा ७ देखि १० प्रतिशतले बढी हो। हप्ताभरिको हिसाब गर्दा साना बच्चाहरूले ठूलाको तुलनामा करिब डेढ घण्टा बढी समय स्क्रिनमा बिताउने गरेको पाइएको छ। यो अतिरिक्त स्क्रिन समयले बालबालिकाको अन्य महत्वपूर्ण क्रियाकलापलाई प्रत्यक्ष असर पुऱ्याइरहेको छ। पछि जन्मेका बच्चाहरूले पढ्ने, गृहकार्य गर्ने, बोर्ड गेम खेल्ने वा संगीत सिक्ने जस्ता जेठाभन्दा कान्छा सन्तान मोबाइल र टिभीमा बढी व्यस्त, पढाइमा कम ध्यानसमृद्ध गतिविधिमा प्रतिदिन ११ देखि १८ मिनेट कम समय खर्च गर्छन्, जुन ठूला दाजुभाइको तुलनामा ११ देखि २० प्रतिशतले कम हो । २ देखि १५ वर्ष उमेरका करिब ५ हजार ५०० बालबालिकामा गरिएको यो सर्वेक्षणले उनीहरूले बिहान उठेदेखि राति सुत्ने बेलासम्मको समय कसरी व्यवस्थापन गर्छन् भन्ने पक्षलाई मसिनो गरी अध्ययन गरेको थियो। यसमा आमाबाबुको उपस्थितिमा गरिने र एक्लै गरिने क्रियाकलापहरूलाई पनि छुट्टाछुट्टै मूल्याङ्कन गरिएको थियो। अध्ययनको निष्कर्षले के देखाएको छ भने, परिवारको आकार बढ्दै जाँदा आमाबाबुको समय र ध्यान बाँडिने हुनाले साना बच्चाहरूको विकासमा दिइने समय घट्छ। आमाबाबुले पछि जन्मेका सन्तानलाई हुर्काउँदा अलि बढी छुट दिने वा उदार हुने गरेको र स्क्रिन प्रयोगमा खासै कडा नियम नलगाउने गरेको पाइएको छ ।

यसले गर्दा साना बच्चाहरू सजिलै स्क्रिनको पहुँचमा पुग्छन्।अनुसन्धानकर्ताहरूले आमाबाबुलाई आफ्ना साना सन्तानसँग पनि गुणस्तरीय समय बिताउन, उनीहरूलाई सिर्जनशील काममा प्रोत्साहित गर्न र सबै बच्चाका लागि स्क्रिन समयसम्बन्धी नियमहरू समान र निरन्तर रूपमा लागू गर्न सुझाव दिएका छन्।- *हाम्रा कुरा डटकम*

# विदेश अध्ययनमा जाँदा कस्ता सीप सिक्ने ?



विदेश अध्ययनका लागि भाषा, व्यक्तिगत विकास, सांस्कृतिक, प्राविधिक र व्यावसायिक सीपहरू सिक्नु आवश्यक हुन्छ।नयाँ दृष्टिकोण, ज्ञान र अनुभवका लागि विदेश अध्ययन ठूलो अवसर हो । तर, यो यात्रा खर्चिलो र चुनौतीपूर्ण पनि हुन जान्छ । अहिले नेपालबाट विदेश पढ्न जाने लहर धेरै देखिन्छ । तर, व्यावहारिक सीपहरू नहुँदा विदेशी भूमिमा धेरै विद्यार्थीहरूले दु: ख पाइरहेको खबर पनि बेलाबेला सुनिन्छ ।केही उपयोगी सीप सिकेर विदेश अध्ययनमा गइयो अध्ययनमा सफलता मिल्नुका साथै भविष्यको करियरमा फाइदा पुग्न सक्छ ।यस लेखमा हामीले भाषा, व्यक्तिगत विकास, सांस्कृतिक, प्राविधिक र व्यावसायिक रूपमा वर्गीकरण गरेर विदेश अध्ययनमा जाने विद्यार्थीहरूले सिक्नुपर्ने उपयोगी सीपहरूबारे चर्चा गर्नेछौं:

**भाषा सम्बन्धी सीप**

विदेश अध्ययनको पहिलो र सबैभन्दा महत्वपूर्ण सीप भाषा हो । धेरै देशहरूमा अंग्रेजी भाषाले नै काम गर्छ तर कतिपय देशहरूमा स्थानीय भाषा नै सिक्नु पर्ने हुन सक्छ । ती भाषमा हामी जति अब्बल भयौं त्यति नै पढाइमा राम्रो गर्न सक्छौं । कुनै काम गर्नुपर्दा समेत भाषा राम्रो जानेकै आधारमा काम समेत पाइने हुन्छ । अंग्रेजी भाषा विद्यालय तहदेखि नै पढाइ हुने भएकाले यो सिक्न अरूमा जस्तो धेरै जोड लगाइरहनु पर्दैन । नेपालका धेरै जसो ठाउँमा अंग्रेजी सिकाउने ठाउँ हुन्छन् । अथवा इन्टरनेटको प्रयोगमार्फत पनि यो भाषा सिक्न सकिन्छ । तर विदेश अध्ययनका लागि जाने भएपछि अंग्रेजी भाषाका परीक्षा (आईएल्स आदि)हरू पास गर्नु मात्र पर्याप्त हुँदैन, तपाईं दैनिक कुराकानी, लेक्चर सुन्ने र असाइनमेन्ट लेख्न सक्ने हुनुपर्छ ।यसका लागि अनलाइन कोर्सहरू (डुअलिङ्गो, कोर्सेरा, युट्युब)बाट अभ्यास गर्न सकिन्छ। उदाहरणका लागि, अमेरिका वा अष्ट्रेलियामा गएपछि स्थानीय उच्चारण बुझ्न गाह्रो हुन सक्छ । त्यसैले जुन देश जाने त्यहाँको विभिन्न एक्सेन्टका अडियो सुन्ने अभ्यास गर्नु उपयोगी हुन्छ । यदि जर्मनी, फ्रान्स वा जापान जस्ता देशहरूमा पढ्न जाने हो भने, जर्मन, फ्रेन्च वा जापानी जस्ता भाषाहरू सिक्नुपर्छ । यसले दैनिक जीवनमा सजिलो बनाउँछ । विदेश गएपछि किराना पसलमा जाने, सार्वजनिक यातायात प्रयोग गर्ने वा स्थानीय साथीहरू बनाउने कुरामा भाषाको ज्ञान छैन भने समस्या पर्छ ।

**व्यक्तिगत विकास र स्व-व्यवस्थापन सीप**

विदेशमा एक्लै बस्नुपर्ने हुनाले स्वतन्त्रता र जिम्मेवारी सिक्नु अनिवार्य हुन्छ । नेपालमा परिवारको सहयोग हुन्छ, तर विदेशमा सबै कुरा आफैं गर्नुपर्छ । नेपालमा छँदा घरमा केही नगरेका युवा-युवती विदेशमा गएर सबै आफूले गर्नुपर्ने हुँदा समस्यामा परेको अत्तिने गरेको कुरा पनि धेरै सुनिन्छ । त्यसैले विदेश जाने तयारी गर्दा आफ्ना कामहरू आफैं गर्ने बानी बसाल्नु राम्रो हुन्छ । यसमा अर्को सबैभन्दा महत्वपूर्ण सीप भनेको समय व्यवस्थापन हो । अध्ययन, पार्ट-टाइम जागिर, घरको काम र मनोरञ्जनलाई सन्तुलनमा राख्नु पर्छ । यदि यो समय मिलेन भने पूरा दिन अस्तव्यस्त हुन्छ ।त्यस्तै बजेट व्यवस्थापन पनि निकै महत्वपूर्ण पाटो हो । किनकि स्वभाविक रूपमा विदेशमा महँगो जीवनशैली हुन्छ । खर्च ट्र्याक गर्ने, बचत गर्ने र अनावश्यक खर्च कटाउने सीप सिक्नुपर्छ । खासमा त मिन्ट अथवा एक्सेलमा नेपालबाट नै मासिक खर्चको योजना बनाउनु उचित हुन्छ । त्यसबाहेक खाना पकाउने, कपडा धुने र घर सफा गर्ने जस्ता आधारभूत घरेलु सीपहरू सिक्नुपर्छ । विदेशमा नेपाली खाना नपाइने हुन सक्छ, त्यस्तोमा सरल नेपाली र स्थानीय रेसिपीहरू सिक्नु उपयोगी हुन्छ । यसले स्वास्थ्य राम्रो राख्छ र पैसा बचाउँछ ।यसका साथै तनाव व्यवस्थापन अर्को 'सृट स्किल' हो । किनकि विदेशमा एक्लोपन वा कल्चर शक हुनसक्छ । यसका लागि ध्यान, योगा वा जर्नलिङ जस्ता सीपहरू सिक्नुपर्छ।

**सांस्कृतिक सीप**

विदेश अध्ययन भनेको नयाँ संस्कृति, परम्परा र मूल्यमान्यताहरू बुझ्ने अवसर पनि हो । यसो हुनाले सांस्कृतिक सीपहरू सिक्नुपर्छ । भनेको, विभिन्न देशहरूका रीतिरिवाज, खानपान र सामाजिक नियमहरू बुझ्नुपर्छ । उदाहरणका लागि, पश्चिमी देशहरूमा व्यक्तिगत स्पेस महत्वपूर्ण हुन्छ, जबकि नेपालमा सामूहिकता बढी छ । यसबारे इन्टरनेटमा कल्चरल गाइडहरू हेर्नु उपयोगी हुन्छ ।त्यस्तै तपाईं जाँदै गरेको देशको अथवा अन्तर्राष्टिूय साथीहरू बनाउने र सम्बन्ध कायम राख्नु पनि छुट्टै सीप हो । लिङ्गोडिन जस्ता सामाजिक सञ्जाल अथवा त्यहाँ हुने विभिन्न कार्यक्रममार्फत तपाईंले सम्बन्ध बढाउन सक्नुहुन्छ । विदेशमा विभिन्न जाति, धर्म र लिंगका मानिसहरूसँग काम गर्नुपर्छ । यसो हुनाले तपाईंले आफूभित्र भएको पूर्वाग्रह हटाउने र सम्मान गर्ने सीप पनि विकास गर्नुहुन्छ । यी कुराले भविष्यसम्मै फरक पार्छन् ।

**प्राविधिक र डिजिटल सीप**

आजको डिजिटल युगमा प्राविधिक ज्ञान अनिवार्य छ । विदेशका विश्वविद्यालयहरूमा अनलाइन स्रोतहरू अत्याधिक प्रयोग हुन्छ । यसो हुनाले माइक्रोसृट अफिस, गुगल वर्कस्पेस अथवा एडीबी सुट जस्ता टुलहरू चलाउने आधारभूत सीप सिक्नुपर्छ । यसभित्र पनि प्रेजेन्टेसन बनाउने, डेटा एनालिसिस गर्ने वा कोडिङको आधारभूत ज्ञान राख्नु राम्रो मानिन्छ । त्यस्तै एकेडेमिक जर्नल, प्लेजरिजम चेक गर्ने टुलहरू, साइबर सुरक्षाको ज्ञान, रिमोट लर्निङ सम्बन्धी ज्ञान भए तपाईंको अध्ययनलाई सजिलो बनाउँछ ।

**व्यावसायिक सीप**

विदेश अध्ययनको मुख्य उद्देश्य राम्रो करियर हो । त्यसैले अध्ययनसँगै व्यावसायिक सीपहरू सिक्नु पर्छ । अन्तर्राष्ट्रिय स्ट्यान्डर्डमा सीभी लेख्ने, लिङ्गोडिन जस्तो व्यावसायिक सामाजिक सञ्जालमा प्रोफाइल अपडेट गर्ने, इन्टरभ्यूको तयारी गर्ने जस्ता व्यावसायिक सीप पनि सिक्नुपर्छ । यसका साथै इन्टर्नसिप होस् या पार्ट(टाइम जागिर, विदेशमा काम गर्ने नियमहरू बुझिरहनु पर्छ । र, कस्टमर सर्भिस, टिमवर्क वा लिडरसिप जस्ता सीपहरू विकास गर्नु पर्छ । सँगसँगै तपाईं कुन देश जाँदै हुनुहुन्छ, त्यहाँको भिसा नियमहरू, स्वास्थ्य बीमा र आपतकालीन अवस्थामा बारे जानकारी राख्ने सीप विकास गर्नु आवश्यक छ ।

**कानुनी ज्ञान**

कुनै पनि देशमा जाँदा त्यहाँको नियम कानुनबारे ज्ञान लिनु अनिवार्य कुरा हो । यदि त्यहाँको कानुनी पक्षबारे जानिएन भने अन्जानमै कानुनी झमेलामा फस्न पुग्छौं । नेपालका जुन कुरालाई हामी सामान्य मानिरहेका हुन्छौं, हामी जाँदै गरेको देशमा त्यो कानुनीरूपमा अपराध ठहर्न सक्छ ।

देश तथा आफू कुन ठाउँमा बस्ने हो त्यहाँको स्थानीय कानुनको बारेमा समेत जानकारी राख्नु राम्रो हुन्छ । कतिपय अवस्थामा विदेश पठाउने एजेन्ट तथा कन्सन्टेन्सीहरूले पनि यसबारे सिकाउने गर्छन् । आफैं इन्टरनेटमा खोजेर पढ्न, जान्न पनि सकिन्छ । यदि आफूले चिनेका व्यक्तिहरू पहिल्यैदेखि ती ठाउँमा छन् भने उनीहरूलाई सोधेर जानकारी लिन सकिन्छ ।-*अनलाइन खबर डटकम*

# जेनजी घटनाको प्रतिवेदन आयोगले सरकारलाई बुझायो



**काठमाडौं,** फागुन २४/ जेन-जी आन्दोलनका क्रममा भएका घटनाबारे छानबिन गर्न गौरीबहादुर कार्कीको अध्यक्षतामा बनेको आयोगले सरकारलाई आफ्नो प्रतिवेदन बुझाएको छ ।

भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोग, २०८२ ले आइतबार प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको हो । जेनजी आन्दोलनको क्रममा भएका घटनाको छानबिन गर्न सरकारले छानबिन गर्न उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गरेको थियो । मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । असोज ५ गते गठन भएको उक्त आयोगलाई प्रारम्भमा तीन महिनाको समयसीमा दिइएको थियो । त्यसपछि पटक-पटक गरी समय थप गरिएको थियो । आयोगले २१ फागुनको निर्वाचनअघि नै प्रतिवेदन बुझाउने तयारी गरे पनि निर्वाचनमा सुरक्षा जोखिम हुनसक्ने सरकारको आँकलनका कारण म्याद थप गरिएको थियो । पछिल्लो पटक थपिएको म्याद सकिन लागेकाले सरकारलाई प्रतिवेदन बुझाइएको हो । यो प्रतिवेदनले आन्दोलनका क्रममा भएका मानवीय र भौतिक क्षतिको वास्तविकता बाहिर ल्याउने अपेक्षा गरिएको छ ।

आयोगका अध्यक्ष कार्कीले आफूहरूले इमानदारीसाथ काम गरेको र बिनाकुनै पूर्वाग्रह जे देख्यो त्यही कुरा प्रतिवेदनमा राखेको जानकारी दिए । भविष्यमा यस्तो घटना नहोस् भनेर सुझाव पनि प्रतिवेदनमा राखेको उनले बताए । 'कुशासनका कारण यो घटना भएको छ । नियमनकारी निकायहरूलाई विकृत पारिएको छ । न्यायपालिका, कार्यपालिका सबैतिर ढिलासुस्ती छ । न्यायाधीशदेखि संवैधानिक नियुक्तिसमेत दलीय भागबण्डामा गर्ने प्रवृत्तिले आक्रोश बढेको पाइएको छ। यो प्रतिवेदन कार्यान्वयन भएमा देशको मुहार फेरिन्छ,' उनले भने ।

## खेलकुद समाचार

### विश्व एथ्लेटिक्समा नेपाली खेलाडीले प्रतिस्पर्धा गर्ने




**काठमाडौं,** फागुन २४/ भारतको नयाँ दिल्लीमा हुने विश्व पारा एथ्लेटिक्स ग्रान्ड प्रिक्समा नेपालबाट तीन खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । मार्च ८ देखि १३ तारिखसम्म हुने विश्व पारा एथ्लेटिक्स ग्रान्ड प्रिक्समा नेपालबाट तीन पुरुष खेलाडीले चुनौती पेश गर्नेछन् । सटपुटमा हिमाल अर्याल, ज्याभ्लिन थ्रोमा मोहन रोका र ४०० मिटर दौडमा नवराज कार्कीले प्रतिस्पर्धा गर्ने छन् ।

प्रतियोगितामा सहभागि हुन ३ खेलाडीसहित ४ सदस्यीय नेपाली टोली आइतबार भारतको नयाँ दिल्ली प्रस्थान गरेको छ । टोली प्रमुखमा राष्ट्रिय पारा एथलेटिक्स संघ नेपालका सचिव साङबु भोटे रहेका छन् टोलीलाई राष्ट्रिय पारा एथलेटिक्स संघ नेपालका अध्यक्ष ओमनाथ सिवाकोटीले आइतबारै त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा शुभकामनासहित बिदाइ गरे । नयाँ दिल्लीस्थित जवाहरलाल नेहरु स्टेडियममामा हुने प्रतियोगितामा मार्च १० सम्म क्लासिफिकेसन डे रहनेछ भने मार्च ११ देखि १३ सम्म मुख्य प्रतिस्पर्धाहरु हुनेछ । विश्व पारा एथ्लेटिक्स ग्रान्ड प्रिक्स सिरिज अन्तर्गत यो प्रतियोगिता हुँदैछ । यस वर्षको पहिलो ग्रान्ड प्रिक्स फेब्रुअरी १०-१३ मा युएईको दुबईमा सम्पन्न भएको थियो । ग्रान्ड प्रिक्स सिरिज अन्तर्गत सन् २०२६ मा कूल ९ प्रतियोगिता हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# सुन तोलामै बढ्यो ३ हजार ५ सय




**पाल्पा,** फागुन २४/ आइतबार सुनको भाउ बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुन तोलामा ३ हजार ५ सय रुपैयाँले बढेको हो ।

सुनको भाउ बढेसँगै प्रतितोला ३ लाख १६ हजार ९ सय रुपैयाँ पुगेको छ । अघिल्लो दिन ३ लाख १३ हजार ४ सय रुपैयाँमा कारोबार भएको थियो । यसअघि माघ १५ गते सुनको भाउ हालसम्मकै उच्च प्रतितोला ३ लाख ३९ हजार रुपैयाँ पुगेको थियो । त्यस्तै आइतबार चाँदीको भाउ तोलामा ३० रुपैयाँ बढेको छ । अघिल्लो दिन प्रतितोला ५ हजार ४ सय ४५ रुपैयाँमा कारोबार भएको चाँदी यस दिन ५ हजार ४ सय ७५ रुपैयाँमा कायम भएको छ । सार्वजनिक विदाका वावजुत पनि महासंघले यस दिन सुनचाँदीको भाउ तय गरेको छ । केही दिन यता सुनचाँदीको मूल्यमा ठूलो उतारचढाव आएको छ । सुनचाँदी व्यवसायी महासंघका अनुसार गत आइतबार सुनको मूल्य प्रतितोला ३ लाख २० हजार ५ सय रुपैयाँ थियो । सोमबार ५ हजार ६ सयले बढेर ३ लाख २६ हजार १ सय रुपैयाँ पुग्यो । मंगलबार तोलामा २ हजार ५ सयले बढेर सुनको मूल्य ३ लाख २८ हजार रुपैयाँ पुग्यो । तर, त्यसपछि भने सुनको मूल्यमा उच्च गिरावट आउन थालेको देखिन्छ । बुधबार एकैदिन तोलामा ११ हजारले घटेर सुनको मूल्य ३ लाख १७ हजार ६ सय रुपैयाँमा आयो । त्यसको भोलिपल्ट पनि घट्ने क्रम रोकिएन । शुक्रबार ४ हजार २ सयले घटेर सुन तोलाको ३ लाख १३ हजार ४ सय रुपैयाँमा कारोबार भएको थियो । त्यसैगरी, आइतबार चाँदीको भाउ प्रतितोला ५ हजार ९ सय ८५ रुपैयाँमा कारोबार भएको थियो । भोलिपल्ट बढे पनि त्यसपछि घट्न थालेको थियो । महासंघका अनुसार शुक्रबार चाँदी प्रतितोला ५ हजार ४ सय ४५ रुपैयाँमा कारोबार भएको थियो ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१



## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## हार्दिक श्रद्धाञ्जली

जन्म
२०१४/०४/२०



स्वर्गारोहण
२०८२/११/१८

**स्व. पन्नाकाजी शाक्य**

श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि. तानसेन, पाल्पाका सञ्चालक समिति सदस्य एवं महिला उपसमिति संयोजक अनुपमा शाक्य बुद्धाचार्यज्यूका प्रातःस्मरणीय पूजनीय पिता तथा स्थापनाकालीन शेयर सदस्य सुरेशमान बुद्धाचार्यज्यूका ससुरा बुवा पन्नाकाजी शाक्यको मिति २०८२ फागुन १८ गतेका दिन ६८ वर्षको उमेरमा भएको निधनले सहकारी परिवार अत्यन्तै स्तब्ध भएको छ । यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै समवेदना व्यक्त गर्दछौं। साथै ८ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्ति, सुगति सहित शीघ्र निर्वाण पद प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

बिनयराज बज्राचार्य
सचिव

एवं

सरोज लाल शाक्य
अध्यक्ष

**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**
तानसेन-६, पाल्पा, परिवार


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई